**Prithvi Darpan**
**Vol. 7, Issue 1, February 2025**
**Department of Nepali Education, Prithvi Narayan Campus, (TU)**
**Pokhara, Nepal**
**ISSN : 2594-3413**

# गण्डकी प्रदेशका मातृभाषाहरूको वितरण, अवस्था र दिशा

**महेन्द्र न्यौपाने**
**उपप्राध्यापक**
**त्रिभुवन विश्वविद्यालय, शिक्षा विकास तथा अनुसन्धान केन्द्र (सेरिड), काडमाडौँ, नेपाल**
Email: mahendra.neupane@cerid.tu.edu.np

Received date : 8 December 2024,  Reviewed date : 4 January 2025,  Accepted date : 7 February 2025

**लेखसार**

भाषा मानवीय विचार अभिव्यक्तिको माध्यम तथा संस्कृति, सभ्यता र पहिचानको प्रमुख आधार हो । कुनै पनि राज्य तथा क्षेत्रको भाषिक विविधता त्यहाँको अमूल्य सांस्कृतिक निधिका रूपमा रहेको हुन्छ । प्रस्तुत लेख गण्डकी प्रदेशका मातृभाषाहरूको वितरण, अवस्था र दिशा पहिचान गर्ने उद्देश्यमा केन्द्रित रहेको छ । यो लेख परिमाणात्मक अनुसन्धान ढाँचामा आधारित छ । राष्ट्रिय जनगणनाको भाषिक तथ्याङ्कलाई सामग्रीका रूपमा उपयोग गरिएको छ । लेखमा गण्डकी प्रदेशका मातृभाषाको तथ्याङ्क प्रस्तुत गर्नाका साथै ती भाषाहरूको जिल्ला, पालिका, भूगोल, परिवारका आधारमा वितरण प्रस्तुत गर्नाका साथै अवस्था र दिशा पहिचान गरिएको छ । यस क्रममा तालिका र स्तम्भचित्रका सहायताबाट नतिजालाई चित्रात्मक रूपमा प्रस्तुत गरी त्यसको विश्लेषणसमेत गरिएको छ । यस लेखबाट प्रदेशमा सङ्ख्यात्मक रूपमा धेरै मातृभाषाहरू प्रचलनमा रहेका, धेरै भाषाका वक्ताहरू अत्यन्तै कम भएका, सबै जिल्ला, स्थानीय तह र भूगोल बहुभाषी रहेका र मातृभाषाको वितरण सबै जिल्ला र पालिकामा समान तवरले नभएको निष्कर्ष प्राप्त भएको छ । यसका साथै यस अध्ययनबाट प्रदेशका भाषाका बारेमा गहन अध्ययन र अनुसन्धान हुन बाँकी रहेको तथा धेरै भाषाहरूमा शक्तिशाली भाषाको प्रभावका कारण पुस्तान्तरण हुन नसकी सङ्कटतर्फ उन्मुख भएको निष्कर्ष प्राप्त भएको छ । भाषिक विविधतालाई जोगाएर राख्न यहाँका भाषाका बारेमा पर्याप्त अध्ययन अुनसन्धान गरी तिनको संरक्षण र संवर्द्धनका लागि भाषानीति निर्माण गरी  भाषायोजना कार्यान्वयन गर्न सकेमा भाषा संरक्षणमा योगदान पुग्ने अपेक्षा गरिएको छ ।

**शब्दकुञ्जी :** बहुभाषिकता, भाषापरिवार, भाषिक जीवन्तता, भाषिक लोपोन्मुखता, मातृभाषाको वितरण ।

*Copyright 2025 © the Author (s) and the Publisher*

## विषय प्रवेश

सङ्घीय शासनव्यवस्थामा राज्यलाई पुनर्संरचना गरेपछि गठन भएको गण्डकी प्रदेश नेपालका सात प्रदेशमध्येको एक हो । साविकका गण्डकी प्रदेशका ६ जिल्ला, धौलागिरी अञ्चलका ४ जिल्ला र लुम्बिनी अञ्चलको नवलपरासी बर्दघाट सुस्तापूर्वको भूभागलाई समेटेर तयार पारिएको यस प्रदेशमा ११ जिल्ला छन् । हिमाल पहाड, तराई तीनओटै प्रदेशमा फैलिएको यो प्रदेशको कुल क्षेत्रफल २१,७३३ वर्ग किमी रहेको छ (गण्डकी प्रदेश सरकार, २०८१) । यस प्रदेशको सीमा पूर्वमा वागमती प्रदेश, पश्चिममा कर्णाली प्रदेश र लुम्बिनी प्रदेश, उत्तरमा चीनको स्वशासित क्षेत्र तिब्बत र दक्षिणमा लुम्बिनी प्रदेश तथा भारतको बिहार राज्यसँग जोडिएको छ (सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, २०८१) । यो प्रदेश भौगोलिक, सांस्कृतिक, भाषिक दृष्टिले विविधतायुक्त र सम्पन्न मुलुक हो । नेपाल बहुभाषिक राज्य भएको सन्दर्भ संविधानको प्रस्तावनामा उल्लेख भएको तथा मातृभाषा प्रयोग, सांस्कृतिक जीवनमा सहभागी हुन पाउने हकका साथै प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा लिपि र संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदानको संवर्धन र संरक्षण गर्ने मौलिक हकका रूपमा नागरिकलाई गरिएको छ । यसका साथै भाषाका आधारमा भेदभाव गर्न नपाईने, मातृभाषामा शिक्षा लिन पाउने हकसमेत मौलिक हकका रूपमा स्थापित छ (नेपालको संविधान, २०७२) । यसका साथै राज्यले राष्ट्रिय एकतासम्बन्धी नीति, सामाजिक सांस्कृतिक रूपान्तरणसम्बन्धी नीतिमा भाषालाई समेत मुख्य आधारका रूपमा उल्लेख गरिएको (नेपालको संविधान, २०७२) सन्दर्भमा भाषाको संरक्षण गर्नु राज्यको दायित्वसमेत रहेको देखिन्छ । देश सङ्घीय संरचनामा प्रवेश गरेको सन्दर्भमा सङ्घ, प्रदेश स्थानीय तहस्तरबाट नै भाषा संरक्षणका प्रयास गर्नु आवश्यक छ ।

गण्डकी प्रदेश भाषिक विविधतायुक्त प्रदेश हो । भाषिक विविधतालाई कुनै पनि देश वा क्षेत्रमा बोलिने भाषाको सङ्ख्या, कुनै भाषापरिवारभित्रका भाषिक समूहर उपसमूह तथा भाषाका विशेषताका आधारमा विविधता पाहिचान गर्न सकिन्छ (नेटल, सन् १९९९) । वि.सं. २०७८ को जनगणनाअनुसार यस प्रदेशमा ७२ मातृभाषा, दोस्रो भाषाका रूपमा प्रचलनमा रहेका तथा तथा ८८ पुर्खाको भाषा रहेका छन् (राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८०) । यस प्रदेशमा बोलिने भाषाको सङ्ख्या अधिक छ । यस प्रदेशमा बोलिने चिनियातिब्बती भाषापरिवारमित्र अनेकौं समूह र उपसमूह रहेका छन् । चिनियातिब्बती भाषापरिवारका चिनिया भाषा निकटका भाषाहरू र भारोपेली भाषा निकटका भाषाहरू गरी दुई समूहमा वर्गीकरण गर्न सकिन्छ । एउटै भाषापरिवारभित्रका अनेक भाषामा त फरक फरक विशेषता पाइन्छ भने नेपालमा चार भाषापरिवार र एक एकल भाषापरिवारका भाषाहरू रहेकाले अनेक विशेषतायुक्त भाषाहरू छन् । उल्लिखित चर्चाबाट यो प्रदेश भाषिक विविधतायुक्त प्रदेश रहेको स्पष्ट हुन्छ । गण्डकी प्रदेश भाषा सङ्ख्याका दृष्टिले सम्पन्न देखिन्छ । वि.सं. २०६८ को जनगणनाअनुसार यस प्रदेशमा ८८ मातृभाषा र दोस्रो भाषाका रूपमा ७२ भाषा प्रचलनमा थिए (केन्द्रीय तथ्याङ्क विभाग, २०६८) ।सङ्ख्यात्मक रूपमा यो अवस्था अत्यन्त उत्साहजनक अवस्था हो । यद्यपि नेपाली भाषाबाहेकका अन्य भाषाहरूको अवस्था मजबुत रहेको छैन ।

बोलीचालीका साथै भाषाका वक्तासङ्ख्या, लिपि, कामकाजको भाषाको रूपमा प्रयोग, शिक्षा तथा आमसञ्चारका माध्यममा प्रयोग जस्ता विविध क्षेत्रमा अधिकांश भाषाको अवस्था मजबुत छैन । भाषिक पहिचानका दृष्टिले आवाजहरू पछिल्लो समयमा पर्याप्त उठ्ने गरेको तथा भाषासम्बन्धी

अध्ययन केही बढोत्तरी भएको भए पनि भाषा संरक्षण, संवर्द्धन र जीवन्तताका दृष्टिले पर्याप्त प्रयासहरू हुन सकेका छैनन् । प्रदेशका भाषाको संरक्षणका लागि आवश्यक कदम चाल्नका लागि उक्त प्रदेशका भाषाको विद्यमान अवस्था पहिचान गर्नु आवश्यक हुन्छ । प्रदेशमा प्रचलित मातृभाषाहरू, तिनको जिल्लागत, पालिकागत, भाषापरिवारगत वितरणका साथै प्रयोगको अवस्था र दिशाको पहिचानपछि मात्रै संरक्षण र जीवन्तताका दिशामा कार्य गर्न सकिन्छ । देश सङ्घीय संरचनामा गइसकेपछि भाषाहरूको प्रदेश र यसअन्तर्गतका प्रशासनिक (जिल्ला, स्थानीय तह) तथ्याङ्क सङ्कलन गर्न थालिएको छ । यद्यपि विविध दृष्टिकोणबाट प्रदेश र प्रदेशअन्तर्गतका प्रशासनिक निकायगत रूपमा मातृभाषाको अध्ययन विश्लेषण हुन सकेको छैन । यही रिक्तता पूरा गर्न प्रस्तुत लेख तयार पारिएको हो । गण्डकी प्रदेशका मातृभाषाहरूको वितरण र विद्यमान अवस्था पहिचान गर्नु यस लेखको मुख्य उद्देश्य हो । यो उद्देश्य प्राप्तिका लागि वि.सं. २०७८ को जनगणनाको भाषिक तथ्याङ्कलाई उपयोग प्रदेश र प्रदेश अन्तर्गतका प्रशासनिक विभाजनका साथै भाषापरिवार, भूगोल जस्ता पक्षका आधारमा विभाजन गरी अवस्था र दिशासमेत पहिचान गरिएको छ ।

## अध्ययन विधि

प्रस्तुत लेख परिमाणात्मक ढाँचामा तयार पारिएको छ । प्रस्तुतिका क्रममा वर्णनात्मक विधिलाई उपयोग गरिएको छ । राष्ट्रिय जनगणना, २०६८ र २०७८ का क्रममा सङ्कलन गरी राष्ट्रिय तथ्याङ्क कार्यालयले प्रकाशित गरेको तथ्याङ्कलाई प्राथमिक स्रोतका सामग्रीका रूपमा उपयोग गरिएको छ । गण्डकी प्रदेशको भाषिक तथ्याङ्कलाई उपयोग गरी प्रतिशतका माध्यमबाट प्रदेशका भाषाको वितरण र अवस्थाको विश्लेषण गरिएको छ । प्राप्त तथ्याङ्कलाई तालिका र स्तम्भचित्रका माध्यमबाट प्रस्तुत गरिएको छ । यस क्रममा चित्र र तालिकामा प्रस्तुत तथ्याङ्कलाई क्रमबद्ध विश्लेषण गरिएको छ । जनगणनाले प्रस्तुत गरेको गण्डकी प्रदेशका प्रचलित भाषासम्बन्धी तथ्याङ्कलाई विभिन्न आधारमा विश्लेषण गरी भाषाको वितरण, अवस्था र दिशासम्बन्धी निष्कर्ष निकालिएको छ ।

## नतिजा र छलफल

गण्डकी प्रदेशका मातृभाषाहरूको अध्ययनबाट प्राप्त नतिजालाई प्रस्तत‌ु गरी त्यसका सम्बन्धमा आवश्यक छलफललाई यस खण्डमा प्रस्तुत गरिएको छ । प्रस्तुत अध्ययनबाट प्राप्त नतिजालाई वक्तासङ्ख्या, मातृभाषाको जिल्ला, स्थानीय तह, भाषापरिवार तथा भूगोलगत वितरण, अवस्था र दिशा उपशीर्षकअन्तर्गत समावेश गरी तिनको प्रस्तुत विश्लेषणसमेत प्रस्तुत गरिएको छ ।

### गण्डकी प्रदेशमा प्रचलित मातृभाषाहरू

गण्डकी प्रदेश मातृभाषा प्रयोगका दृष्टिले बहुभाषिक प्रदेशका रूपमा रहेको छ । वि.सं. २०६८ को जनगणनामा यहाँ ८८ भाषा रहेका थिए (राष्ट्रिय तथ्याङ्क विभाग, २०६८) । वि.सं. २०७८ को जनगणनाअनुसार यस प्रदेशमा ७२ ओटा मातृभाषाहरू प्रचलनमा छन् । वि.सं. २०७८ को जनगणनाअनुसार यस प्रदेशमा प्रचलित मातृभाषा र तिनका वक्ताप्रतिशतलाई तलको ताीलकामा प्रस्तुत गरिएको छ :

**तालिका १**

*प्रदेशका मातृभाषाहरू*

| क्र. सं | भाषा | वक्ता सङ्ख्या | वक्ता प्रतिशत | क्र.सं | भाषा | वक्ता सङ्ख्या | वक्ता प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | नेपाली | १८१०००३ | ७३.३९% | ३८ | शेर्पा | ५१२ | ०.०२ % |
| २ | मगर ढुट | २३६७२९ | ९.६० % | ३९ | नार-फु | ४०१ | ०.०२ % |
| ३ | गुरुङ | २०८०८८ | ८.४४ % | ४० | साङ्केतिक भाषा | ३१६ | ०.०१ % |
| ४ | थारु | ४२७९५ | १.७४ % | ४१ | राजवंशी | ३०४ | ०.०१ % |
| ५ | नेपाल भाषा (नेवारी) | ३७८०१ | १.५३ % | ४२ | डोटेली | २१५ | ०.०१ % |
| ६ | तामाङ | ३३४७१ | १.३६ % | ४३ | सुनुवार | २०६ | ०.०१ % |
| ७ | भोजपुरी | १५०९० | ०.६१ % | ४४ | भोटे | १८१ | ०.०१ % |
| ८ | मगर खाम | ८०३० | ०.३३ % | ४५ | बान्तबा | १६७ | ०.०१ % |
| ९ | घले | ७९९७ | ०.३२ % | ४६ | अङ्ग्रेजी | १६६ | ०.०१ % |
| १० | कुमाल | ६०२७ | ०.२४ % | ४७ | चामलिङ | १६२ | ०.०१ % |
| ११ | हिन्दी | ५५७३ | ०.२३ % | ४८ | बैतडेली | १५४ | ०.०१ % |
| १२ | दराई | ४३३८ | ०.१८ % | ४९ | मारबाडी | १३० | ०.०१ % |
| १३ | चुम/नुब्री | ४०५२ | ०.१६ % | ५० | डोल्पाली | ११० | ०.०० % |
| १४ | मैथिली | ३६४२ | ०.१५ % | ५१ | वाम्बुले | ८२ | ०.०० % |
| १५ | चेपाङ | ३२०९ | ०.१३ % | ५२ | कुलुङ | ७६ | ०.०० % |
| १६ | छन्त्याल | ३०९२ | ०.१३ % | ५३ | थुलुङ | ६० | ०.०० % |
| १७ | संस्कृत | २९२४ | ०.१२ % | ५४ | जिरेल | ४८ | ०.०० % |
| १८ | राई | २७०६ | ०.११ % | ५५ | दुमी | ४५ | ०.०० % |
| १९ | भुजेल | २५१५ | ०.१० % | ५६ | थामी | ३९ | ०.०० % |
| २० | बोटे | २५१२ | ०.१० % | ५७ | बाहिङ/बायुङ | ३९ | ०.०० % |
| २१ | खस | २३४२ | ०.०९ % | ५८ | पञ्जाबी | ३६ | ०.०० % |
| २२ | थकाली | २२५२ | ०.०९ % | ५९ | पहरी | २२ | ०.०० % |
| २३ | ल्होपा | २२०२ | ०.०९ % | ६० | लोहोरुङ | २१ | ०.०० % |
| २४ | मुसलमान | १८३६ | ०.०७ % | ६१ | साम्पाङ | १९ | ०.०० % |
| २५ | बाराङ्गुवा | १५३६ | ०.०६ % | ६२ | मगही | १८ | ०.०० % |
| २६ | दुरा | १३३७ | ०.०५ % | ६३ | पुमा | १८ | ०.०० % |
| २७ | बालकुरा/बराम | १२८७ | ०.०५ % | ६४ | दनुवार | १७ | ०.०० % |
| २८ | माझी | १२३६ | ०.०५ % | ६५ | हायु/बायु | १६ | ०.०० % |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २९ | उर्दु | १०६६ | ०.०४ % | ६६ | याख्खा | १३ | ०.०० % |
| ३० | तिब्बती | १०५१ | ०.०४ % | ६७ | छिलिङ | १३ | ०.०० % |
| ३१ | मनाङ् | ९५१ | ०.०४ % | ६८ | धिमाल | १२ | ०.०० % |
| ३२ | अवधी | ८७५ | ०.०४ % | ६९ | लाप्चा | ११ | ०.०० % |
| ३३ | बज्जिका | ८३० | ०.०३ % | ७० | खालिङ | ११ | ०.०० % |
| ३४ | बङ्ला | ७२७ | ०.०३ % | ७१ | छिन्ताङ | ११ | ०.०० % |
| ३५ | याक्थुङ/लिम्बु | ६३२ | ०.०३ % | ७२ | कोयी | १० | ०.०० % |
| ३६ | लोवा | ६२३ | ०.०३ % | ७३ | अन्य | ७०३ | ०.०३ % |
| ३७ | ह्योल्मो/ योल्मो | ६०२ | ०.०२ % | ७४ | पहिचान नभएको | ८४ | ०.०० % |
| | | जम्मा | | | | २४६६४२७ | १०० % |

राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८० ।

दिइएको तालिकाले गण्डकी प्रदेशमा बोलिने मातृभाषा, तिनका वक्तासङ्ख्या र वक्ता प्रतिशतलाई प्रस्तुत गरेको छ । वि.सं. २०७८ को जनगणनाअनुसार यस प्रदेशमा ७२ ओटा भाषा प्रचलित छन् । सङ्ख्याका दृष्टिले यस  प्रदेश मा धेरै मातृभाषाहरू बोलिने देखिन्छ । यद्यपि नेपाली भाषाको मात्रै वक्तासङ्ख्या करिब तीन चौथाइ (७३.३९%) रहेको र बाँकी एक चौथाइभन्दा केही बढी प्रतिशत

(२६.६१%) वक्ताहरू नेपाली भाषाबाहेकका भाषाहरू रहेका देखिन्छन् । यसमा एक प्रतिशत भन्दा बढी वक्तासङ्ख्या भएका भाषाहरू पाँच ओटा छन् । एक प्रतिशतभन्दा बढी वक्ता भएका मगरढुट, गुरुङ, थारु, नेवारी, तामाङ भाषाका कुल वक्तासङ्ख्या २२.६७ प्रतिशत रहेको छ ।  नेपाली र एक प्रतिशतभन्दा बढी वक्तासङ्ख्या भएका पाँच भाषाले प्रदेशको कुल मातृभाषीको सङ्ख्याको ९६.०६ प्रतिशत ढाकेको छ । यसबाहेकका ६६ मातृभाषाका वक्तासङ्ख्या चार प्रतिशतभन्दा पनि कम रहेको पाइन्छ । यसरी वक्तासङ्ख्याकाको अनुपातका दृष्टिले यस प्रदेशका भाषाहरूको वितरण अत्यन्तै असन्तुलित देखिन्छ । यस्तै अन्य र पहिचान नभएकामा क्रमशः ७०३ र ८४ जना वक्ता रहेका छन् । यसले अन्य थप भाषा पहिचान हुन सक्ने सम्भावनालाई समेत खुला राखेको छ ।

### वक्तासङ्ख्याका आधारमा मातृभाषाको वितरण

गण्डकी प्रदेशमा बोलिने मातृभाषाहरू वक्तासङ्ख्याका दृष्टिले असन्तुलित वितरण रहेको देखिन्छ । धेरै वक्तासङ्ख्या भएका भाषाको सङ्ख्या अत्यन्तै कम र अत्यन्तै थोरै वक्तासङ्ख्या भएको भाषाको सङ्ख्या बढी रहेको पाइन्छ । यस प्रदेशका मातृभाषाको वक्तासङ्ख्याका आधारमा रहेको वितरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका २**

*वक्तासङ्ख्याका आधारमा मातृभाषाको वितरण*

| क्र.सं. | वक्ता सङ्ख्या | भाषा सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | १,००,००० लाखभन्दा बढी | ३ | ४.१७% |
| २. | १०,००० भन्दा बढी १,००,००० भन्दा कम | ४ | ५.५५% |
| ३. | १००० भन्दा बढी १०,००० भन्दा कम | २३ | ३१.९४% |
| ४. | १०० भन्दा बढी १,००० भन्दा कम | २१ | २९.१७% |
| ५. | १०० भन्दा कम | २१ | २९.१७% |
| | जम्मा | ७२ | १००% |

राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८० ।


प्रस्तुत तालिकाले वक्तासङ्ख्याको आधारमा मातृभाषाको वितरणलाई प्रस्तुत गरेको छ । एकलाख भन्दा बढी वक्तासङ्ख्या रहेका भाषा जम्मा तीन ओटा (४.१७ प्रतिशत) र दशहजार भन्दा बढी र एक लाखभन्दा कम वक्ता भएका भाषाको सङ्ख्या ४ ओटा (५.५५ प्रतिशत) रहेका छन् । एकहजार भन्दा बढी र दशहजारभन्दा कम वक्तासङ्ख्या भएका भाषाको सङ्ख्या २३ रहेको छ । एक सयभन्दा बढी र हजारभन्दा कम तथा एक सयभन्दा कम वक्तासङ्ख्या भएका भाषाहरू समान २१ ओटा रहेका छन् । यस तथ्यले गण्डकी प्रदेशका धेरै मातृभाषाहरूको वक्तासङ्ख्या अत्यन्तै कम रहेको देखिन्छ । धेरै भाषालाई यस प्रदेशमा मातृभाषाका रूपमा अवलम्बन गरे पछि धेरै भाषाका मातृभाषी वक्ता अत्यन्तै कम रहेको देखिन्छ ।

## मातृभाषाको जिल्लागत वितरण

गण्डकी प्रदेशमा ११ जिल्ला रहेका छन् । यस प्रदेशका सबै जिल्लाहरू बहुभाषी छन् । जिल्लाअनुसार मातृभाषा सङ्ख्यामा भने भिन्नता पाइन्छ । भूगोल, सहरीकरण, ऐतिहासिकता जस्ता पक्षमा रहेको भिन्नताले जिल्लाअनुसार भाषाको सङ्ख्यामा फरक रहेको देखिन्छ । यस प्रदेशमा जिल्लामा रहेको मातृभाषागत वितरणलाई तलको चित्रमा प्रस्तुत गरिएको छ :

**चित्र १**

*मातृभाषाको जिल्लागत वितरण*




राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८० ।


प्रस्तुत चित्रले प्रदेशका मातृभाषाको जिल्लागत वितरणलाई प्रस्तुत गरेको छ । जसअनुसार प्रदेशका सबै जिल्लाहरूमा मातृभाषाको दृष्टिले बहुभाषी देखिन्छन् । साथै प्रदेशका मातृभाषिक दृष्टिले विविधता मात्रै नभई सबै जिल्लामा मातृभाषिाक सम्पन्नतासमेत देखिन्छ । प्रदेशका कुनै जिल्लामा १८ भाषा बोलिन्छन् भने कुनै जिल्लामा ५३ भाषासमेत प्रचलनमा रहेका देखिन्छन् । ठुला सहर भएका कास्की र तनहुँ जिल्मा क्रमशः सबैभन्दा बढी मातृभाषी रहेका छन् । त्यसपछि धेरै मातृभाषा भएका जिल्लामा क्रमशः गोरखा र तराइ प्रदेशमा पर्ने नवलपरासी (सुस्ता पूर्व) मा रहेका छन् । पर्वत, म्याग्दी समान तथा सबैभन्दा कम मातृभाषा भएका जिल्लामा पर्छन् । यसबाट ठुला र धेरै सहर भएका जिल्लामा हिमाली तथा पहाडका कम सहर भएका जिल्लाका तुलनामा भाषासङ्ख्या बढी भएको पाइन्छ ।

## मातृभाषाको पालिकागत वितरण

गण्डकी प्रदेशमा ८५ ओटा स्थानीय तह रहेका छन् । मातृभाषाको वितरणका दृष्टिले यी सबै पालिकाहरू बहुभाषी छन् । पालिकामा बोलिने मातृभाषा सङ्ख्यामा भने पालिकाअनुसार ठुलो भिन्नता छ । यस प्रदेशका मातृभाषाहरूको पालिकागत वितरणलाई तलको चित्रमा प्रस्तुत गरिएको छ :

**चित्र २**

*मातृभाषाको पालिकागत वितरण*




राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८० ।

माथिको चित्रमा गण्डकी प्रदेशका मातृभाषाको स्थानीय तहगत वितरण प्रस्तुत गरिएको छ । यस प्रदेशका एकै पालिकामा सबैभन्दा कम दुई मातृभाषादेखि ५१ मातृभाषासम्म प्रचलनमा रहेका छन् । पालिकागत रूपमा मातृभाषाको सङ्ख्यागत वितरण निकै विविधतापूर्ण देखिन्छ । प्रदेशका नौओटा पालिकामा समान छओटा भाषा बोलिन्छन् । यस्तै समान पालिका सङ्ख्यामा धेरै भाषा प्रचलित पालिका र भाषामा आठ पालिकामा समान आठ भाषा, सात पालिकामा एघार भाषा, अन्य सात पालिकामा पाँच भाषा प्रचलनमा देखिन्छ । कम भाषासङ्ख्या प्रचलनमा रहेका पालिकाहमा चौध, भाषा, पन्ध्र भाषा, अठार भाषा, एक्काइस भाषा र एकाउन्न भाषा समान एक एक पालिकामा मात्रै प्रचलित छन् । यस्तै दुई भाषा, बाह्र भाषा, सत्र भाषा, उन्नाइस भाषा, बीस भाषा, चौबीस भाषा समान दुई दुई पालिकामा प्रचलित छन् । प्रदेशको केन्द्रको रूपमा रहेको कास्की जिल्लाको महानगरपालिकामा सर्वाधिक एकाउन्न भाषा प्रचलित रहेका छन् । त्यस्तै हिमाली क्षेत्रका केही पालिकामा दुई तिन भाषा मात्रै प्रचलनमा रहेका छन् । समग्रमा यस प्रदेशका सबै पालिकाहरू बहुभाषी भएकाले सबै पालिकाले बहुभाषी नीति अवलम्बन गर्नु आवश्यक देखिन्छ ।

## मातृभाषाको पारिवारिक वितरण

भाषापरिवारले भाषाहरूको समान विशेषतायुक्त भाषाका समूह वा परिवारलाई बुझाउँछ । नेपालमा भारोपेली, चिनियातिब्बती, आग्नेली, द्रबिडेली गरी चार भाषापरिवारअन्तर्गतका र अर्को एकल भाषा बोलिन्छन् । यीमध्ये गण्डकी प्रदेशमा भारोपेली भाषापरिवार र चिनियातिब्बती भाषापरिवार गरी दुई ओटा भाषापरिवारका भाषाहरू मात्रै प्रचलनमा रहेका छन् । यस प्रदेशका मातृभाषाहरूको पारिवारिक वितरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका ३**

*मातृभाषाको पारिवारिक वितरण*

| क्र.सं. | भाषापरिवार | भाषा सङ्ख्या | वक्ता सङ्ख्या | वक्ता प्रतिशत |
|---|---|---|---|---|
| १. | भारोपेली | २५ | १९०४६९० | ७७.२२% |
| २. | चिनियातिब्बती | ४७ | ५६०९५० | २२.७५% |
| ३. | अन्य | - | ७०३ | ०.०३% |
| ४. | पहिचान नभएको | - | ८४ | ०.००% |
| | जम्मा | ७२ | २४६६४२७ | १००% |

राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८० ।

दिइएको तालिकाले गण्डकी प्रदेशका मातृभाषाको पारिवारिक वितरणलाई प्रस्तुत गरेको छ । यस प्रदेशमा प्रचलित दुई भाषामध्ये वक्तासङ्ख्याका दृष्टिले भारोपेली भाषापरिवार ठुलो देखिन्छ भने भाषासङ्ख्याका दृष्टिले चिनियातिब्बती भाषापरिवार ठुलो देखिन्छ । चिनियातिब्बती भाषापरिवारका तुलनामा करिब ५० प्रतिशत भाषा भए पनि भारोपेली भाषापरिवारका भाषापरिवारका वक्तासङ्ख्या भने कुल मातृभाषी वक्ताको सङ्ख्या तीन चौथाइभन्दा पनि बढी (७७.२२ प्रतिशत रहेका छन् । भाषासङ्ख्या धेरै भएर पनि मातृभाषी वक्तासङ्ख्या भने चिनियातिब्बती भाषापरिवारका एक चौथाइभन्दा पनि कम (२२.७५ प्रतिशत) रहेको छ । यस खालको परिवारगत अनन्तुलनको अवस्था देखिनुमा प्रदेशको मुख्य भाषा नेपाली प्रयोग गर्नेको मातृभाषी ७३.३९ प्रतिशत छ । नेपाली भाषा जुन भाषापरिवारमा पर्छ त्यही भाषापरिवारका वक्तासङ्ख्या कुल मातृभाषीको कुल जनसङ्ख्याको ठुलो हिस्सा ओगट्नमा भूमिका खेलेको छ । यति हुँदाहुँदै पनि चिनियातिब्बती भाषापरिवारमा वक्तासङ्ख्या अत्यन्तै कम भएका भाषाहरूको सङ्ख्या निकै ठुलो छ ।

## मातृभाषाको भौगोलिक वितरण

गण्डकी प्रदेश हिमाल पहाड र तराई तीनओटै प्रदेशमा फैलिएको छ (गण्डकी प्रदेश सरकार, २०८१) । यस प्रदेशमा थाँतथलो भएका करिब २७ भाषाहरू छन् (भाषा आयोग, २०७८) । यी २७ भाषामध्ये २०६८ सालको जनगणनामा गण्डकी प्रदेशमा बोलिने भाषाका रूपमा उल्लिखित कुसुन्डा २०७८ को जनगणनामा सूचीकृत भएको छैन । भाषाका सम्बन्धमा गरिएका विभिन्न अध्ययन, प्राप्त सुझाव तथा अभिलेखका आधारमा आर्थिक वर्ष २०७५/७६ र २०७६/७७ मा थप आठ ओटा भाषाहरू पहिचान गरी जनगणनाले सत्यापन गर्नुपर्ने आवश्यकता रहेको (भाषा आयोग, २०७८ख) उल्लेख गरेको थियो । ती भाषालाई राष्ट्रिय जनगणना २०७८ मा सूचीकृत गर्ने क्रममा  नार-फू भाषा मनाङ जिल्लामा, चुम/नुब्री भाषा गोरखा जिल्लामा मूल वक्ताहरू रहेको (केन्द्रीय तथ्याङ्क कार्यालय, २०८०) उल्लेख गरेको छ । जसअनुसार यस प्रदेशमा मूल वक्ता रहेका भाषाहरूको सङ्ख्या २८ पुग्ने देखिन्छ । यस प्रदेशमा मूल थाँतथालो पहिचान भएका भाषाहरूको भूगोलका आधारमा वितरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका ३**

*गण्डकी प्रदेशमा मूल थाँतथलो पहिचान भएका भाषाहरू*

| क्र.सं. | थातथलो | भाषाको सङ्ख्या | वक्ता सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|
| १. | हिमाली क्षेत्र | १० | २८६१२ | १.१७ |
| २. | मध्यपहाडी क्षेत्र | १६ | २३५१७७१ | ९६.४५ |
| ३. | तराई क्षेत्र | २ | ५७८८५ | २.३८ |
| | जम्मा | २८ | २४३८२६८ | १०० |

राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८० ।

माथिको तालिकाले गण्डकी प्रदेश मूल थातथलो भएका भाषाहरूको भौगोलिक वितरणलाई प्रस्तुत गरेको छ । यीमध्ये हिमाली क्षेत्रमा थातथलो भएका थकाली, मगर खाम, घले, छन्त्याल, शेर्पा, ह्योल्मो/योल्मो, तिब्बतियन, लोवा, चुम/नुब्री, नार-फु गरी १० भाषा छन् । मध्यपहाडी क्षेत्रमा थातथलो भएका भाषाहरूमा नेपाली, मगर ढुट, नेपाल भाषा (नेवारी), तामाङ, कुमाल, दराई, चेपाङ, भुजेल, बोटे, मुसलमान, दुरा, बाल्कुरा/बराम, माझी, उर्दु, साङ्केतिक भाषा गरी १६ भाषा प्रचलनमा रहेका छन् । यस्तै तराई क्षेत्रमा थातथलो भएका भाषाहरूमा थारु र भोजपुरी भाषा रहेका छन् । भूगोलगत रूपमा यस प्रदेशमा थाँतथलो रहेका भाषाहरूको भूगोलगत वितरण हेर्दा हिमाली, मध्यपहाडी र तराई क्षेत्रमा क्रमशः १.१७ %, ९६.४५% र २.३८ प्रतिशत रहेको छ । यस आधारमा मध्यपहाडी क्षेत्रमा भाषासङ्ख्या र वक्ताको प्रतिशत दुवै दृष्टिले मध्यपहाडी क्षेत्रमा बोलिने भाषाहरूको पहिलो स्थानमा रहेको देखिन्छ । हिमाली क्षेत्रमा थाँतथलो भएका भाषा दशओटा भए पनि तराई क्षेत्रमा थातथलो भएका जम्मा दुई ओटा भाषाको जनसङ्ख्या भने धेरै रहेको छ ।

## सरकारी कामकाजको भाषा

कानुनी रूपमा राज्यका निकायमा प्रयोग हुने भाषालाई सरकारी कामकाजको भाषा भनिन्छ । प्रदेश स्तरका सरकारी कार्यालयमा प्रयोग हुने भाषालाई प्रादेशिक सरकारी कामकाजको भाषा भनिन्छ । संविधानको धारा ७ मा 'देवनागरी लिपिमा लेखिने नेपाली भाषा नेपालको सरकारी कामकाजको भाषा हुने छ' भन्ने उललेख गरिएको छ । साथै संविधानको ७ कै उपधारा २ मा 'नेपाली भाषाका अतिरिक्त प्रदेशले आफ्नो प्रदेशभित्र बहुसङ्ख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी अन्य राष्ट्रभाषालाई प्रदेश कानुनबमोजिम प्रदेशको सरकारी कामकाजको भाषा निर्धारण गर्न सक्ने' व्यवस्था गरेको छ । संविधानले उल्लिखत व्यवस्था कार्यान्वयनका लागि भाषा आयोगलाई अधिकार प्रदान गरेको छ । जसअनुसार तत्कालीन केन्द्रीय तथ्याङ्क विभागको वि.सं. २०६८ को राष्ट्रिय जनगणनाको भाषिक तथ्याङ्कलाई आधार मान्दै एक प्रतिशत जनसङ्ख्यालाई अनिवार्य आधार मान्दै अन्य दश आधारसमेतका आधारमा मूल्याङ्कन गरेको थियो । उक्त जनगणनाको भाषिक तथ्याङ्कका आधारमा एक प्रतिशतभन्दा बढी जनसङ्ख्या भएका छओटा भाषामध्ये मगर, गुरुङ र भोजपुरी भाषालाई सरकारी कामकाजको भाषाको रूपमा सिफारिस गरेको थियो । साथै प्रदेशमा स्तरगत योजनाको निर्माणको क्रममा रहेका थारु, नेवार (नेपाल भाषा) र तामाङ भाषालाई सरकारी कामकाजका भाषाका रूपमा कार्य विस्तार गर्न

निश्चित कार्य र क्षेत्रका लागि सरकारी कामकाजको भाषाको मान्यता पाउने गरी सिफारिस गरेको थियो (भाषा आयोग, २०७८)। भाषा आयोगले केन्द्रीय तथ्याङ्क कार्यालयले वि.सं. २०७८ को भाषिक तथ्याङ्क सार्वजनकि गरेपछि सरकारी कामकाजको भाषाको सिफारिसलाई संशोधन गरेको छ। वि.सं. २०७८ को भाषिक तथ्याङ्क अनुसार भोजपुरी मातृभाषी वक्ताको प्रतिशत ०.६१ कायम भई सरकारी कामकाजको भाषा सिफारिसको अनिवार्य आधार कम्तीमा एक प्रतिशत हुनुपर्ने मापदण्ड सम्बोधन नभएपछि उक्त भाषालाई सरकारी कामकाजको भाषाको रूपमा सिफारिस नगरी वि.सं. २०८० मा मगर ढुट (९.६० प्रतिशत) र गुरुङ (८.४४ प्रतिशत) लाई सिफारिस गरी साविकको सिफारिसमा संशोधन गरेको छ (भाषा आयोग, २०८०)। यसरी गण्डकी प्रदेशमा नेपाली भाषाबाहेकका अन्य भाषाहरू वक्ता र प्रयोगगत अवस्थाका दृष्टिले राष्ट्रभाषाको मान्यता पाउन सक्ने अवस्थामा अत्यन्त कम भाषा मात्रै रहेको देखिन्छ।

## मातृभाषाको अवस्था र दिशा

मातृभाषाको अवस्थालाई विभिन्न आधारमा पहिचान गर्न सकिन्छ। लेख्य परम्पराका दृष्टिले हेर्दा गण्डकी प्रदेशका धेरै भाषाहरू कथ्य रूपमा मात्रै सीमित छन्। यस प्रदेशका नेपाली (देवनागरी), मगर (आक्खा लिपि), गुरुङ (खेमा), मैथिली (मिथिलाक्षर), नेपाल भाषा (नेवारी) (रञ्जना) लगायतका केही सीमित भाषाका मात्रै आफ्नै लिपि छन्। थकाली, छन्त्याल, घले, खाम, थकाली, भुजेलजस्ता भाषाहरू देवनागरी लिपिमै लेख्न थालिरहेको पाइन्छ। मगर भाषाको याख्खा लिपिको विकास गरिरहेका छन्। त्यस्तै गुरुङ मातृभाषी समुदायले खे प्ह्री नामको लिपि वि.सं. २०६८ मा विकास गरेका छन् ( गुरुङ, २०६८)। यस प्रदेशका भाषाहरूको जीवन्तताका लागि पनि केही प्रयासहरू भएका छन्। भाषाविज्ञान केन्द्रीय विभागअन्तर्गत नेपालको भाषिक सर्वेक्षण (२०६८-१९७४) का क्रममा नेपालीबाहेकका १६ ओटा भाषामा समाजभाषिक सर्वेक्षण गरिएको, नेपालीबाहेकका १७ भाषामा व्याकरण लेखन कार्य, भएको तथा १३ भाषामा शब्दकोश निर्माण, ८ ओटा भाषामा पाठसङ्कलन, १६ भाषामा आधारभूत तहका लागि पाठ्यपुस्तक निर्माण तथा १० ओटा भाषामा साक्षरता सामग्री विकास भएका छन् (भाषा अयोग, २०७८)। यस प्रदेशमा प्रचलित भाषामध्ये मगर र गुरुङ भाषा सांस्कृतिक दृष्टिले सम्पन्न छन्। यी भाषा लोकसंस्कृति, लोकगीत, लोककथा, उखान टुक्का जस्ता लोकसाहित्यका दृष्टिले सम्पन्न छन्। नेपाली र मगर भाषामा बाहेक शिक्षाको प्रबन्ध हुन सकेको अवस्था छैन। कुनै पनि भाषाको विकास गर्न उक्त भाषाका वक्ताको मातृभाषाको ज्ञानका साथै शैक्षिक स्तर बढाउनु आवश्यक हुन्छ। यसबाट शिक्षित र साक्षरहरूको सङ्ख्या बढ्न गई उक्त भाषाको सहित्यिक तथा पठनपाठनको गतिविधि बढ्ने साथै भाषा संस्कृति संरक्षणको जागरुकता बढ्न सक्छ (राष्ट्रिय भाषानीति सुझाव आयोग, २०५०)। यसले गण्डकी प्रदेशमा बोलिने धेरै मातृभाषाहरू सङ्कटतर्फ उन्मुख रहेको स्पष्ट पार्छ। धेरै भाषामा वक्तासङ्ख्या अत्यन्त न्यून छन्, मौखिक रूपमा मात्रै प्रचलित छन् तथा पछिल्लो पुस्तामा हस्तान्तरण कम मात्रै भएका छन्। लुइस र साइमन (सन् २०१०) द्वारा विकास गरेका विस्तारित श्रेणीकृत पुस्तान्तरण विघटन मापक्रम (एक्सपान्डेड ग्रेडेड इन्टरजेनेरेसनल डिस्पर्सन स्केल) का आधारमा गण्डकी प्रदेशका भाषाहरूको जीवन्तताको अवस्थालाई मापन गर्न सकिन्छ। यद्यपि यसका लागि गहन भाषिक अध्ययनको समेत आवश्यकता पर्दछ। रेग्मी (सन् २०२१) ले २०६८ को जनगणनाको भाषिक तथ्याङ्कलाई आधार मान्दै प्रबल/सुरक्षित भाषा १७ ओटा, सङ्कटापन्न भाषा

६३ ओटा, अपसरणशील भाषा ३ ओटा, मृतप्राय भाषा एउटा, र विलुप्त भाषा एउटा रहेको उल्लेख गरेका छन् । यसले प्रदेशका धेरै भाषाहरू सङ्कटापन्न अवस्थामा रहेको देखिन्छ । यद्यपि प्रदेशका भाषाका बारेमा गहन अध्ययन नहुँदा यस्ता वर्गीकरणलाई मातृभाषाको अवस्था वर्गीकरणको प्रयासका रूपमा मात्रै लिन सकिन्छ । २०६८ को जनगणनाले प्रदेशमा ८८ मातृभाषा प्रचलनमा रहेको तथ्य सार्वजनिक गरेको र दश वर्षपछि वि.सं. २०७८ मा गरिएको जनगणनामा जम्मा ७२ भाषा मात्रै रहेको तथ्य सार्वजनिक गर्नु तथा नयाँ नयाँ भाषाहरू पहिचान हुँदै जानुले भाषाको अवस्था यस्तै छ भनी किटान गर्न थप गहन रूपमा अध्ययनको आवश्यकता रहेको स्पष्ट हुन्छ ।

गण्डकी प्रदेशका मातृभाषाहरूमध्ये धेरै भाषाहरू लोपतर्फ उन्मुखे भएका छन् । सबैभन्दा पहिलो तथ्य भाषाका प्रयोक्ता सङ्ख्यालाई हेर्न सकिन्छ । यस प्रदेशका धेरै भाषाहरूको सङ्ख्या अत्यन्त न्यून रहेको छ । प्रयोक्ताको सङ्ख्या कम हुँदा उक्त भाषाको प्रयोग व्यवहारमा कमी आउने र धेरै वक्ता भएका भाषाका गतिविधि व्यापक हुँदा तिनको प्रभाव अल्पसङ्ख्यक वक्ता भएका भाषामा पर्छ । यस प्रदेशका धेरै भाषामा यो अवस्था देख्न सकिन्छ । कोयी, छिन्ताङ, खालिङ, लेप्चा, धिमाल, छिलिङ, याख्खा, हायु/बायु, दनुवार, पुमा, मगही, साम्पाङ गरी १२ मातृभाषाको प्रयोक्ता २० भन्दा पनि कम छन् भने मातृभाषी प्रयोक्ताको सङ्ख्या एक सयभन्दा कम हुनेको सङ्ख्या पनि २३ छ (राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८०) । तीन चौथाइभन्दा केही कम मातृभाषी प्रयोक्ता (७३.३९%) नेपाली भाषाका मात्रै छन् भने नेपाली बाहेकका एक प्रतिशतभन्दा बढी मातृभाषी वक्ता भएका भाषा जम्मा पाँच ओटा छन् । यसबाट यस प्रदेशका धेरै भाषाहरू वक्तासङ्ख्या कम भएका कारण अत्यन्त सीमित व्यक्तिमा मात्रै प्रयोग भइरहेको देख्न सकिन्छ ।

यहाँका धेरै भाषाहरूको पुस्तान्तरणको अवस्था कमजोर छ । यस प्रदेशका नेपाली भाषाबाहेकका प्रमुख भाषाका रूपमा रहेका मगर, गुरुङ, भोजपुरी, थारू, नेवार, तामाङ, कुमाल, घले, ल्होवा, छन्त्याल, भुजेल जस्ता भाषाहरूमा पुस्तान्तरण कमजोर हुँदै गइरहेको छ (भाषा आयोग, २०६८) । यसबाहेकका कम वक्तासङ्ख्या भएका अन्य भाषाहरूमा पुस्तान्तरण झनै कमजोर रहेको छ । नेपाली भाषा र अङ्ग्रेजी भाषाको प्रभावका कारण पछिल्लो पुस्ता आफ्नो मातृभाषाको प्रयोग गर्न छाड्दै गइरहेका छन् । गण्डकी प्रदेशका कुल २४,६६,४२७ कुल जनसङ्ख्यामध्ये ७१.७२ प्रतिशतले दोस्रो भाषाको प्रयोग नगर्ने तथा २४.११ प्रतिशतले नेपाली भाषालाई दोस्रो भाषाका रूपमा प्रयोग गर्ने गरेको पाइन्छ (राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८०) । यसले नेपाली भाषाबाहेकका भाषालाई दोस्रो भाषाका रूपमा प्रयोग नगर्ने अवस्था रहेको देखिन्छ । नेपाली मातृभाषी वक्ताको बाहुल्य भएका पहाडी क्षेत्रमा बसबेबास गर्ने र बसाइँ सरी आएका अल्पसङ्ख्यक भाषाभाषीहरूले नेपाली भाषालाई मातृभाषाका रूपमा ग्रहण गरेको पाइन्छ (राष्ट्रिय भाषानीति सुझाउ आयोग, २०५०) । राष्ट्रिय तथ्याङ्क कार्यालयको पछिल्लो जनगणनाको भाषिक तथ्याङ्कले पनि यही कुराको पुष्टि गर्छ । पाँच सय वर्षको समयमा सबै मानिसहरू स्वतः अङ्ग्रेजी भाषासँग जन्मनासाथै परिचित हुने अवस्था आउने र उक्त अवस्था बहुभाषिक अनुभवका दृष्टिले नयाँ पुस्ताका लागि उपयुक्त हुने तर अन्य भाषाहरू लोप भएर उनीहरूले सिक्नका लागि एउटा भाषा मात्र बाँकी रहने अवस्था भएमा पृथ्वीकै लागि ठुलो बौद्धिक दुर्भाग्य हुन्छ (क्रिस्टल, सन् २००३) । पछिल्लो समय विश्वभरिकै भाषाको अवस्था कमजोर हुँदै गएको तथ्यले पनि यस दिशातर्फ भाषिक प्रयोग अग्रसर भएको अवस्थाबोध हुन्छ । पहिलो र दोस्रो

भाषामा नेपाली भाषाका वक्ताहरू अत्यधिक हुनु अन्य भाषाका वक्तासङ्ख्या धेरै कम हुनु, अधिकांश भाषाका वक्ताहरू अत्यन्तै थोरै हुनु तथा पुस्तान्तरणको अवस्था कमजोर हुनाले यस प्रदेशका भाषाहरूको प्रयोगावस्था पनि त्यही दिशातर्फ अगाडि बढेको स्पष्ट हुन्छ ।

प्रदेशमा प्रचलित मातृभाषाको अवस्थालाई बुझ्रेर भाषा संरक्षणका लागि ठोस कार्ययोजना निर्माण गरी सोअनुसार कार्य गर्नु आवश्यक छ । यसर्थ भाषाहरूको सम्बन्धमा गहन अध्ययन अनुसन्धान गरी भाषाको वितरण, वक्तासङ्ख्या, भाषाको अवस्था र परिवर्तनको दिशा पहिचान गरी वास्तविकताको धरातलमा उभिई भाषा बहुभाषिक नीति र योजना तय गर्नुपर्छ (न्यौपाने, सन् २०२४) । निर्मित योजनालाई कार्यान्वयन गर्न सकेमा लोपोन्मुखतर्फको परिवर्तनलाई रोकेर भाषा संरक्षणमा योगदान दिन सकिन्छ । राष्ट्रिय भाषाहरूको विकासका निम्ति भाषाहरूको पहिचान तथा निर्धारण गर्ने, निधारण गरिएका भाषाहरूको संरचनागत योजना तर्जुमा गर्ने, भाषाहरूको स्तरगत योजना तर्जुमा गर्ने, लोपवान् भाषाहरूको संरक्षणका लागि कार्यक्रम गर्ने र तुर्जुमा गरिएको योजनालाई कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने जस्ता पाँच चरणहरू अपनाउनुपर्छ (राष्ट्रिय भाषानीति सुझाव आयोग, २०५०) । प्रदेश सरकार र स्थानीय निकायले भाषाको महत्वलाई बुझ्रेर सोहीअनुसार उल्लिखित उपायहरू अवलम्बन गरी भाषा संरक्षणका प्रयास गर्नु जरूरी छ । यसबाट मात्रै अमूल्य सामाजिक निधिका रूपमा रहेको भाषाको संरक्षणका माध्यमबाट प्रयोक्ताको पहिचान, सभ्यता, संस्कृति, रैथाने ज्ञानको संरक्षण गर्न सकिन्छ ।

## निष्कर्ष

गण्डकी प्रदेश भाषिक विविधताले युक्त रहेको छ । यस प्रदेशअन्तर्गतका सम्पूर्ण जिल्ला र स्थानीय तहसमेत बहुभाषी रहेको पाइयो । यस प्रदेशमा सङ्ख्यात्मक रूपमा धेरै भाषाहरू प्रचलनमा रहेका छन् । धेरै मातृभाषाहरू अत्यन्तै कम वक्तासङ्ख्याले मात्रै प्रयोग गर्ने गरेको पाइयो । ग्रामीण जिल्ला तथा तिनका तुलनामा तुलनात्मक रूपमा सहरीकरण बढी भएका जिल्ला र तिनका स्थानीय तहमा धेरै भाषाका प्रयोक्ताहरूको बसोबास रहेको देखिन्छ । दुई भाषापरिवारका वक्ताहरू रहेको यस प्रदेशमा वक्तासङ्ख्याका दृष्टिले भारोपेली भाषापरिवार र भाषासङ्ख्याका दृष्टिले चिनियातिब्बती भाषापरिवार प्रचलनमा रहेका छन् । यही प्रदेशमा थाँतथलो भएका धेरै भाषाहरू रहेको पाइयो भने यस्ता भाषाहरू हिमाल पहाड र तराई तीनओटै भूगोलमा फैलिएका छन् । यसै प्रदेशमा थाँतथलो भएका भाषाहरूको सघनता बढी पहाडी प्रदेशमा रहेको पाइयो ।

गण्डकी प्रदेशका प्रचलनमा रहेका भाषाहरूको सङ्ख्यामा परिवर्तन भइरहेको पाइयो । यस प्रदेशमा नयाँ भाषाहरूसमेत पहिचान हुँदै गएका छन् । यसबाट यहाँका भाषाहरूका बारेमा गहन अध्ययन र अनुसन्धान हुनु आवश्यक देखिन्छ । अत्यन्तै कम भाषाका मात्रै लिपि, लेख्य परम्परा र ठुलो प्रयोगसन्दर्भ छ । हालसम्म सरकारी कामकाजमा प्रयोग हुने भाषा नेपाली भाषा मात्रै छ भने सरकारी भाषाको रूपमा प्रयोग हुने मापदण्ड पूरा हुने भाषाहरू पनि कमै मात्रै रहेको पाइयो । नेपालीबाहेकका भाषाहरूमा पुस्तान्तरण कमजोर रहेको, अत्यन्तै थोरै वक्ता भएका कारण भाषाको प्रभावकारी हुन नसकेको, पुर्खाको भाषाको तुलनामा पहिलो भाषाको सङ्ख्यामा कमी आएको तथा नेपालीबाहेकका

भाषालाई दोस्रो भाषाका रूपमा प्रयोग गर्नेको सङ्ख्या कम हुँदै गएका कारणबाट यस प्रदेशका धेरै भाषाहरू सङ्कटतर्फ उन्मुख भएको निष्कर्ष निकालिएको छ ।

यस प्रदेशका धेरै भाषाहरू सङ्कटतर्फ गएको अवस्थालाई मध्यनजर गर्दै यहाँका भाषाको वास्तविक अवस्थाका बारेमा गहन अध्ययन अनुसन्धान गरी त्यसबाट प्राप्त निष्कर्षका आधारमा प्रदेशका सम्पूर्ण भाषाहरूको संरक्षण र संवर्धन गर्न प्रभावकारी भाषानीति र योजना बनाउनु आवश्यक छ । यसका लागि राज्यको प्राथमिकतामा भाषा संरक्षण र विकासको कार्य पर्नु आवश्यक छ । मातृभाषिक वक्तालाई मातृभाषाका माध्यमबाट प्रारम्भिक कक्षामा शिक्षा लिने अवसर प्रदान गरी मातृभाषाको अवलम्बन गरेर संरक्षणको चेतना वृद्धि गर्नुपर्छ । यसो हुन सकेमा यस प्रदेशका भाषिक विविधतालाई संरक्षण गरी लोपोन्मुख भएका भाषाको अस्तित्व संरक्षण गर्न सकिन्छ ।

## सन्दर्भ सामग्री सूची

केन्द्रीय तथ्याङ्क विभाग (२०६८), *नेपालको राष्ट्रिय जनगणना २०६८* । www.cbs.gov.np

क्रिस्टल, डेभिड (सन् २००३), *इङ्लिस याज अ ग्लोबल ल्याङ्ग्वेज,* क्याम्ब्रिज युनिभर्सिटी प्रेस ।

गण्डकी प्रदेश सरकार (२०८१), *गण्डकी प्रदेश परिचय,* https://ocmcm.gandaki.gov.np/pages/about-us

भाषा अयोग (२०७८क), *सरकारी कामकाजको भाषासम्बन्धी सिफारिसहरू, २०७८,* https://languagecommission.gov.np/

भाषा अयोग (२०७८ख), *भाषा आयोगको पाँचौँ वार्षिक प्रतिवेदन २०७७-२०७८,* https://languagecommission.gov.np/

भाषा अयोग (२०८०), *सरकारी कामकाजको भाषासम्बन्धी पूरक सिफारिसहरू, २०८०,* https://languagecommission.gov.np/

नेटल, ड्यानिअल (सन् १९९९), *लिङ्विस्टिक्स डाइभर्सिटी,* अक्सफोर्ड युनिभर्सिटी प्रेस ।

न्यौपाने महेन्द्र (सन् २०२४), नेपालका मातृभाषाहरूको प्रयोगावस्था, *इन्टरडिसिप्लिनरी रिसर्च इन एजुकेसन,* ९(१), १-१६ । https://www.nepjol.info/index.php/ire/article/

राष्ट्रिय तथ्याङ्क कार्यालय (२०८०), *नेपालको राष्ट्रिय जनगणना २०७८,* https://nsonepal.gov.np/

राष्ट्रिय भाषानीति सुझाउ अयोग (२०५०), *राष्ट्रिय भाषानीति सुझाउ आयोगको प्रतिवेदन,* २०५०, लेखक ।

रेग्मी, दानराज (सन् २०२१), गण्डकी प्रदेशका भाषाको वर्तमान अवस्था र दिगो भाषा प्रयोग रणनीति, *गण्डकी आलोक,* १(१), १-१० ।

सूचना तथा सञ्चार प्रविधि मन्त्रालय (२०८१), *नेपाल परिचय* (बाह्रौँ संस्क.), https://doib.gov.np/content/13117/nepal-identity--12th-edition--2081/